# दिप्रुङ चुइचुम्मा गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

## गाउँ कार्यपालिकाको कार्यालय

याङ्सोलाटार, खोटाङ, १ नं. प्रदेश

पुस २०७६

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *दिप्रुङ चुइचुम्मा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **परामर्शदाता :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि., काठमाडौं* |
| **मिति :** | *पुस २०७६* |


**कृतज्ञता ज्ञापन**

*दिप्रुङ चुइचुम्मा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री भूपेन्द्र राई, उपाध्यक्ष श्री सपना राई, प्रमुख प्रशासकीय अधिकृत श्री भीमप्रसाद दाहाल तथा कार्यपालिका सदस्यहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू, गाउँपालिकाका कर्मचारीहरूलगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

***एस.डि.आई.सि. परिवार***

# विषय सूची


| | | |
|---|---|---|
| ***परिच्छेद - एक : परिचय*** | | ***६*** |
| १.१ | पृष्ठभूमि | ६ |
| १.२ | राजस्व सुधार कार्ययोजनाको औचित्य | ६ |
| १.३ | कार्यक्रमको उद्देश्य | ७ |
| १.४ | कार्यक्रमको क्षेत्र | ७ |
| १.५ | कार्यक्रम संचालन विधि तथा प्रक्रिया | ७ |
| १.६ | अभिमुखीकरण कार्यक्रम तथा योजना तर्जुमा कार्यशाला | ८ |
| १.७ | तथ्यांक-सूचना संकलन | ११ |
| १.८ | अध्ययनको सीमा | १२ |
| ***परिच्छेद - दुई : गाउँपालिकाको संक्षिप्त परिचय*** | | ***१३*** |
| २.१ | गाउँपालिकाको गठन तथा नामकरण | १३ |
| २.२ | प्रशासनिक विभाजन | १३ |
| २.३ | भौगोलिक तथा प्राकृतिक अवस्था | १३ |
| २.४ | जनसांख्यिक अवस्था | १४ |
| २.५ | सांस्कृतिक अवस्था | १४ |
| २.६ | आर्थिक अवस्था | १६ |
| २.७ | गाउँपालिकाको मानवीय संशाधन | १६ |
| २.८ | गाउँपालिकाको भौतिक सम्पत्ति | १७ |
| ***परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता*** | | ***१८*** |
| ३.१ | स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था | १८ |
| ३.२ | आन्तरिक आय परिचालनको वर्तमान अवस्था | २२ |
| ३.३ | आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण | २३ |
| ***परिच्छेद - चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था*** | | ***३१*** |
| ४.१ | राजस्व परिचालन सम्बन्धी नीति | ३१ |
| ४.२ | विगतको आय परिचालनको अवस्था | ३१ |
| ४.३ | आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता | ३३ |
| ४.४ | राजस्व परिचालनमा रहेका सवालहरु | ३३ |
| ***परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना*** | | ***३५*** |
| ५.१ | गाउँपालिकाको राजस्व सुधार कार्ययोजना | ३५ |
| ***परिच्छेद - छ : आगामी तीन वर्षको आय प्रक्षेपण*** | | ***३९*** |
| ६.१ | राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण | ३९ |
| ६.२ | आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण | ४० |

***परिच्छेद – सात : निष्कर्ष तथा सुझाव*** ***४६***

७.१ निष्कर्ष तथा सुझाव ४६

७.२ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन ४७

***अनुसूचीहरु*** ***४८***

अनुसूची १ : सन्दर्भ सामग्रीहरु ४९

अनुसूची २ : तथ्यांकरसूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम ५०

अनुसूची ३ : प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका ५४

अनुसूची ४ : प्रारम्भिक कार्यशालाको उपस्थिति ५५

अनुसूची ५ : स्थानीय राजस्व परामर्श समिति गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी कानुनी व्यवस्था ५८

अनुसूची ६ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा ५९

अनुसूची ७ : आ.व. २०७७०७८ का लागि आर्थिक विधेयक मस्यौदा नमूनाको रूपमा ६०

# तालिका सूची


| | |
|---|---|
| तालिका नं. १ : वडा कार्यालयसम्बन्धी विवरण | १३ |
| तालिका नं. २ : वडागत जनसंख्या तथा घरधुरी | १४ |
| तालिका नं. ३ : धार्मिक तथा ऐतिहासिक स्थानहरू | १५ |
| तालिका नं. ४: गाउँपालिकामा कार्यरत कर्मचारीको संख्या | १६ |
| तालिका नं. ५: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था | २२ |
| तालिका नं. ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर | २३ |
| तालिका नं. ७: सम्भाव्य मालपोत करदाता तथा मालपोत | २४ |
| तालिका नं. ८: व्यवसाय करको सम्भाव्यता विवरण | २५ |
| तालिका नं. ९: बहाल बिटौरी शुल्कको सम्भावना | २७ |
| तालिका नं. १०: सम्पत्तिको बहालबाट प्राप्त हून सक्ने आयको सम्भाव्यता विवरण | २९ |
| तालिका नं. ११: राजस्व परामर्श समिति | ३१ |
| तालिका नं. १२: गाउँपालिकाको आय वृद्धिदर | ३२ |
| तालिका नं. १३: गाउँपालिकाको कुल आयमा योगदान | ३२ |
| तालिका नं. १४: राजस्व सुधार कार्ययोजना | ३५ |
| तालिका नं. १५: आगामी तीन आव.का लागि राजस्व प्रक्षेपणका आधार | ३९ |
| तालिका नं. १६: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण | ४० |
| तालिका नं. १७: प्रक्षेपित आय संरचना | ४६ |

# परिच्छेद - एक : परिचय

## १.१ पृष्ठभूमि

राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गर्ने प्रयोजनमा सहजीकरण गर्ने उद्धेश्यले प्रदेश नम्बर १ अन्तर्गत खोटाङ जिल्लाको दिप्रुङ चुइचुम्मा गाउँपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन तयार गरिएको हो । दातृ तथा विज्ञ संस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा गाउँपालिकाले तयार गरेको यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्नुका अतिरिक्त गाउँपालिकाको आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ । यस प्रतिवेदनमा निम्न विषयवस्तुलाई समेटिएको छ :

1. राजस्व सुधार कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि
2. गाउँपालिकाको संक्षिप्त परिचय
3. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
4. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
5. राजस्व सुधार कार्ययोजना
6. आगामी ३ वर्षको आय प्रक्षेपण
7. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकारहरुले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुनजान्छ ।

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँट बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय तहका सरकारहरुले ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न नसकिरहेको स्थिति छ । यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रक्रियामा सुधारका लागि गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्न गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकार पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुने हुँदा गाउँपालिकाले प्राथमिकता प्राप्त आयोजनाहरुको आकार आकलन गर्न सहज हुनेछ ।

गाउँपालिका र हेल्भेटास नेपाल बीचको यस सहकार्यको उपलब्धिका रुपमा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण प्राप्त गर्नुका साथै गाउँपालिकाको आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान भएको थियो र मुख्य उपलब्धिको रुपमा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको थियो ।

## १.३ कार्यक्रमको उद्देश्य

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो ।

## १.४ कार्यक्रमको क्षेत्र

यस कार्यकमले देहाय अनुसारका क्षेत्रहरु समेटेको छ :

- गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिकाका पदाधिकारीहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, गाउँपालिकाका शाखा तथा उपशाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।
- गाउँपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आवश्यक सुधारका लागि सुझाव उपलब्ध गराउने ।

## १.५ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

उल्लिखित कार्यका लागि सम्बन्धित सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी

तथा प्रस्तुतिकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### *१.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

### *१.५.२ तथ्यांक-सूचना संकलन फाराम तथा सूची विकास*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषणपश्चात् परामर्शदाताहरूबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

## १.६ अभिमुखीकरण कार्यक्रम तथा योजना तर्जुमा कार्यशाला

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रम अन्तर्गत गाउँपालिका तहमा दुई दिने कार्यशाला सञ्चालन गरिएको थियो । २०७६ मंसिर १७ र १८ गते सञ्चालित उक्त कार्यक्रममा गाउँपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरु, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूको सहभागिता रहेको थियो । पहिलो दिन सहभागीहरुलाई गाउँपालिकाको राजस्व परिचालन व्यवस्था सम्बन्धी अभिमुखीकरण गरिएको थियो भने दोस्रो दिन समूह छलफल, प्रस्तुति सहित सहभागितामूलक रुपमा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना मस्यौदा गरिएको थियो । समग्र कार्यक्रम औपचारिक सत्र र प्राविधिक सत्र गरी दुई भागमा सञ्चालन गरिएको थियो ।

**पहिलो दिन : २०७६ मंसिर १७ गते (राजस्व परिचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम):**

अभिमुखीकरण कार्यक्रम उद्घाटन सत्रबाट सुरुआत गरी प्राविधिक सत्र तथा त्यसपछि दोस्रो दिन कार्यक्रमको अन्तमा समापन सत्र सहित कार्यक्रम समापन गरिएको थियो ।

***उद्घाटन सत्र***

गाउँपालिकाका उपाध्यक्ष तथा राजस्व परामर्श समितिका संयोजक सपना राईले उद्घाटन सत्रको अध्यक्षता गर्नुभएको थियो । यस सत्रमा विभिन्न पदाधिकारीहरुले मन्तव्य व्यक्त गर्नुभएको थियो । यस अवसरमा प्रस्तुत मन्तव्यको सार निम्नअनुसार रहेको छ :

**स्वागत मन्तव्य- प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद दाहालले संघीयता पश्चात् स्थानीय तहमा उल्लेख्य अधिकार प्राप्त भएको र प्राप्त अधिकारको सदुपयोग गर्न सके उपलब्ध स्रोत साधन प्रयोग गरी स्थानीय सरकारहरुलाई आत्मनिर्भर हुन सहयोग पुग्ने बताउनुभयो । यस कार्यका लागि सम्भाव्य उपयुक्त करको दर पहिचान गर्नु तथा नागरिकहरु कर तिर्दा खुसी हुने वातावरण सिर्जना गर्नु आवश्यक भएको बताउनुभयो ।



**मन्तव्य- प्रतिनिधि, ने.का.**



नेपाली कांग्रेसका प्रतिनिधि वसन्त राईले विकास निर्माणका लागि स्रोत परिचालन आवश्यक भएको र यसका लागि राजस्व संकलन महत्वपूर्ण हुने बताउनुभयो । स्थानीय स्तरमा व्यवसायीहरुले कर संकलनको संभावना वृद्धि गर्ने भएकाले पहिले व्यवसायीहरुलाई आत्मनिर्भर हुन सहयोग गर्नुपर्ने बताउनुभयो । स्थानीय तहलाई राजस्व संकलनका थप क्षेत्रहरु प्रदान गर्नुपर्ने उहाँले बताउनुभयो ।

**मन्तव्य- टोली नेता, अन्तरिम क्षमता विकास कार्यक्रम, हेल्भेटास**

हेल्भेटासका टोली नेता बद्री मानन्धरले सहकार्यको उत्साहका लागि गाउँपालिकालाई धन्यवाद दिँदै गाउँपालिकाले हालै विकासको २५ वर्षे दूरदृष्टि तय गरेको र यस दूरदृष्टितर्फ अघि बढ्न आवश्यक पर्ने राजस्व सुधारका लागि यस कार्यक्रमले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । स्थानीय सरकार घडीको सेकेण्ड सुईजस्तो भएको बताउँदै यो सरकार गतिशील हुन आन्तरिक स्रोत आवश्यक पर्ने बताउनुभयो । गत २/३ वर्षको प्रवृत्ति हेर्दा स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान बढ्दो र समानीकरण अनुदान घट्दो अवस्थामा रहेको बताउनुभयो । राजस्व सुधारका क्षेत्र पहिचान गर्न यो दुई दिनमा सक्रिय सहभागीताको अपेक्षा व्यक्त गर्नुभयो ।

**समापन मन्तव्य- उपाध्यक्ष**

आफ्नो मन्तव्य सहित गाउँपालिका उपाध्यक्ष तथा राजस्व परामर्श समितिका संयोजक सपना राईले उद्घाटन सत्रको समापन गर्नुभयो । मन्तव्यका क्रममा उहाँले व्यवस्थापकीय, कार्यपालिकीय र न्यायपालिकीय अधिकार सहितको स्थानीय सरकार रहेको तर समानीकरण अनुदान घट्दो तथा सशर्त अनुदान बढ्दो दरमा आउनाले आन्तरिक स्रोत कम हुने स्थानीय तहहरुमा स्थानीय आवश्यकताहरु सम्बोधनमा चुनौति आउन सक्ने बताउनु भयो ।

***प्राविधिक सत्र***

प्राविधिक सत्रको सुरुआत गर्दै परामर्शदातृ संस्थाका तर्फबाट वसन्त भट्टराईले राजस्व सुधार कार्ययोजनाको परिचय, कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रक्रियासम्बन्धमा प्रकाश पार्नुभयो । यस सत्रमा राजस्व सुधार योजना गाउँपालिकालाई किन आवश्यक छ, यसले गाउँपालिकालाई के कसरी सहयोग गर्छ, राजस्व सुधार योजना तर्जुमाका विधि, प्रक्रिया तथा तयारी के के हुन् भन्ने विषयमा थप छलफल गरिएको थियो । यसै क्रममा कार्यक्रमको कार्यक्षेत्र, कार्यक्रमको अपेक्षित उपलब्धि, अध्ययन कार्यको प्रस्तावित समय तालिका बारेमा पनि प्रकाश पारिएको थियो ।

प्राविधिक सत्रको दोस्रो खण्डमा स्थानीय तहको राजस्व परिचालन तथा प्रक्रियागत व्यवस्थाका बारेमा परामर्शदाता दामोदर गिरीले कर/राजस्व, स्थानीय सरकारका राजस्व अधिकार, करको दर निर्धारण तरिका, राजस्व प्रशासन तथा राजस्व सुधार प्रक्रियाका विविध विषयमा प्रकाश पार्नुभएको थियो । यस सन्दर्भमा कर, दस्तुर, शुल्कका बारेमा सैद्धान्तिक भिन्नताका बारेमा व्याख्या गर्दै स्थानीय तहहरुको व्यवहारिक अभ्यासका बारेमा प्रकाश पारिएको थियो । करका आधारहरु, करका प्रकार, राजस्व सम्बन्धमा संघ, प्रदेश तथा स्थानीय सरकारका एकल तथा साझा अधिकार क्षेत्र उक्त सत्रका प्रस्तुतिका थप विषयवस्तु थिए । साझा अधिकार क्षेत्र अन्तर्गत प्रदेश तथा स्थानीय सरकारले लगाउने र उठाउने कर र उठेको राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था सम्बन्धमा छलफल गरिएको थियो । यसै सत्रको दोस्रो खण्डमा राजस्व प्रशासनमा सुधारका पक्षहरु सम्बन्धमा पनि प्रस्तुति गरिएको थियो । अन्तरक्रियात्मक विधिमा सञ्चालित यस सेसनमा सहभागीहरुले विभिन्न विचार व्यक्त गर्नुभएको थियो, तीमध्ये केही प्रमुख भनाइहरु निम्नानुसार रहेका छन् :

- स्थानीय स्तरमा सम्भाव्य जडीबुटीलगायत अन्य उद्योग व्यवसाय विस्तार गर्नुपर्दछ जसले गर्दा स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसरमा वृद्धि भई स्थानीय सरकारहरुको राजस्व संकलनमा पनि वृद्धि हुन जान्छ ।
- स्थानीय स्तरमा करको अवधारणाका बारेमा जनचेतनामूलक कार्यक्रमहरु आवश्यक छ ।
- कर न्यून दरबाट सुरु गर्नुपर्दछ, बढी करका कारण संघीयता विरोधीहरुलाई बल नपुगोस् भन्नेमा सतर्क रहनुपर्छ ।
- जसरी मौरीले हरेक फूलबाट थोरै थोरै रस चुसी आफूलाई पनि लिन्छ र फूलको वृद्धि विकासलाई पनि रोक्दैन, कर संकलनको सिद्धान्त पनि यस्तै हुनुपर्छ ।
- संकलित करको खर्च कसरी हुन्छ, यसको पारदर्शिता तथा खर्च व्यवस्थापन स्पष्ट हुनुपर्दछ । यस सम्बन्धमा नीतिगत स्पष्टता आवश्यक छ ।

उपरोक्त शीर्षकहरुसँग सम्बन्धित अन्य विभिन्न समसामयिक विषयहरु जस्तै सम्पत्तिको स्वयम् घोषणा गर्न पाउने प्रावधान, जग्गाको परम्परागत वर्गीकरण तथा वर्तमान अवस्था, व्यवसाय दर्ता तथा नवीकरण शुल्कलगायत अन्य विषयमा छलफल गरिएको थियो ।

**<u>दोस्रो दिन : २०७६ मंसिर १८ गते (राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला):</u>**



पहिलो दिन कर तथा समग्र राजस्व प्रशासनका विषयहरुमा स्पष्ट भइसकेपछि समूह कार्य गरिएको थियो । यसका लागि उपस्थित सहभागीहरुलाई राजस्वका शीर्षकगत दर, दायरा र प्रक्षेपण (समूह १), कर राजस्व (समूह २), गैरकर राजस्व (समूह ३), र राजस्व प्रशासन सुधार (समूह ४) गरी चारवटा समूहमा वर्गीकरण गरिएको थियो । समूह १ ले स्थानीय सरकारले कानुनअनुसार लिन सक्ने सबै कर तथा गैरकरका शीर्षकहरुमा करको दर के कति राख्न सकिन्छ भनी छलफल भएको थियो भने दोस्रो सत्रमा कर राजस्वका हरेक शीर्षकमा सुधारका लागि गर्नुपर्ने विषय तथा तेस्रो सत्रमा गैरकर राजस्वका हरेक शीर्षकमा सुधारका लागि गर्नुपर्ने विषयमा छलफल गरिएको थियो । चौथो सत्रमा राजस्व प्रशासनमा सुधार गर्नका लागि गाउँपालिकाले के के गर्नुपर्छ भनी छलफल गरी प्लेनरीमा प्रस्तुतिकरण गरिएको थियो ।



समूह कार्यमा सहजीकरण एस.डी.आई.सी.बाट आउनु भएका राजस्व विज्ञहरुबाट गरिएको थियो । उल्लिखित चारवटै समूहले गरेका प्रस्तुति उपर अन्य समूहका सहभागीहरु तथा परामर्शदाताहरुबाट आवश्यक सुझाव सल्लाहहरु प्रदान गरिएको थियो ।

***समापन सत्र***

कार्यक्रमको समापन अगाडि अध्यक्ष भूपेन्द्र राईले कार्यक्रम सम्बन्धमा आफ्नो मन्तव्य राख्नुभएको थियो । करले नेतृत्वलाई अलोकप्रिय बनाउँछ भन्ने सामान्य धारणा रहेको अवस्थामा जसरी मौरीले फूलको फूलबाट थोरै थोरै रस निकालेर फूल बचाउँदै आफ्नो आवश्यकता पूरा गर्छ, त्यसरी नै क्षमताको सिद्धान्तमा आधारित भई न्यून कर

निर्धारण गरेर अघि बढ्न सकिने स्पष्ट पार्नु भएको थियो । नजिकको सरकार (स्थानीय सरकार) आउँदा पनि नागरिकले खुसी नपाए स्थानीय सरकार असफल हुने र त्यसो भएमा संघीयता नै असफल हुने भएकाले सजगतापूर्वक अगाडि बढ्नुपर्ने आवश्यकता भएको बताउनुभयो । विज्ञटोलीलाई सहजीकरण तथा सुझावका लागि धन्यवाद दिँदै टोलीको सुझाव आफूले आत्मसात् गरेको बताउनुभयो ।



कार्यक्रमको समापन गाउँपालिका उपाध्यक्ष एवम् राजस्व परामर्श समितिका संयोजक सपना राईले गर्नुभयो । अन्यौल भएका धेरै विषयमा स्पष्टता भएको बताउँदै उहाँले कतिपय अवस्थामा सेवा शुल्कलाई कर भनिएको र करको दर पनि बढी तोकिएको महसुस भएको बताउनु भयो । कहिलेसम्म नागरिकलाई कर तिर्न स्वस्फूर्त रुपमा अग्रसर गराउन सकिन्छ भन्ने महत्वपूर्ण भएको बताउँदै गाउँपालिका यसमा निरन्तर लागीपर्ने बताउनुभयो ।

उक्त कार्यशालाको कार्यकम तालिका र सहभागीहरुको उपस्थिति विवरण कमश: **अनुसूची ३** र **अनुसूची ४** मा संलग्न गरिएको छ ।

## १.७ तथ्यांक-सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा गाउँपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा गाउँपालिकाका सूचना शाखाका कर्मचारीहरुले आवश्यक तथ्यांकहरू संकलन गरी उपलब्ध गराउनुभएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरियो :

- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण ।
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण ।
- चालु वर्षको आर्थिक ऐन तथा बजेट ।
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण ।
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना ।

### *१.७.१ दस्तावेज अध्ययन तथा पुनरावलोकन, तथ्यांक विश्लेषण र मस्यौदा कार्ययोजना तयारी*

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्याङ्कीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ ।

### *१.७.२ मस्यौदा कार्ययोजना पेश*

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू गाउँपालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको छ ।

### *१.७.३ प्रतिवेदनको अन्तिम मस्यौदा*

यस मस्यौदा प्रतिवेदनमाथि गाउँपालिका तथा सरोकारवालाहरुबाट आवश्यक सल्लाह सुझाव प्राप्त भइसकेपछि यस प्रतिवेदनको अन्तिम मस्यौदा प्रस्तुत गरिनेछ ।

## १.८ अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद - दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गरेको छ । साथै, गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ ।

## २.१ गाउँपालिकाको गठन तथा नामकरण

साविकका याम्खा, टेम्मा, डाँडागाँउ, छोरम्बु, बतासे, छितापोखरी र सत्तेश्वर छितापोखरी गा.वि.सहरु समावेश गरी स्थानीय तह पुनर्संरचना आयोगको वि.सं. २०७३ सालको सिफारिसका आधारमा नेपाल सरकारले यस गाउँपालिकाको गठन गरेको हो । कुल १३६.५० वर्ग किमी क्षेत्रफल रहेको यस गाउँपालिकामा हाल ७ वटा वडा छन् ।

यस गाउँपालिकामा क्षेत्री तथा चाम्लिङ राईको बाहुल्यता रहेको छ र चाम्लिङ भाषाबाट नै गाउँपालिकाको नामकरण भएको पाइन्छ । चाम्लिङ राई भाषामा दिप्रुङको अर्थ 'लेक' भन्ने हुन्छ । सुवेदार हर्कमान चाम्लिङको "चाम्लिङ नेपाली अंग्रेजी शव्दकोष" अनुसार खेतीपाती तथा पशुपालनका लागि लेकमा गोठ बनाई बस्ने चलन अनुसार बेंसीबाट लेकतर्फ अस्थाई वसाईसराई गर्ने क्रममा लेकलाई दिप्रुङ भन्न थालिएको अर्थ्याइएको छ । यस्तै, चाम्लिङ भाषामा डाँडालाई 'चुङ' वा 'चुङमा' भन्ने गरिन्छ । त्यही 'चुङ्मा' शव्द अपभ्रंश हुदै 'चुम्मा' भएको मानिन्छ । यिनै दुई दिप्रुङ र चुम्मा शब्द मिलाई यस गाउँपालिकाको नामकरण गरिएको छ ।

यस गाँउपालिकाको पूर्वमा साकेला गाँउपालिका, पश्चिममा हलेशी तुवाचुङ् नगरपालिका र उदयपुर जिल्ला, उत्तरमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र साकेला गाँउपालिका, दक्षिणमा खोटेहाङ गाँउपालिका रहेको छ ।

## २.२ प्रशासनिक विभाजन

सात वटा वडामा विभाजित दिप्रुङ चुइचुम्मा गाउँपालिकामा क्षेत्रफलका हिसावले वडा ४ नं. सबैभन्दा ठूलो छ भने सबैभन्दा सानो वडा नं. ३ हो । गाउँपालिकाको प्रशासनिक विभाजन तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ : वडा कार्यालयसम्बन्धी विवरण**

| वडा नं. | वडा कार्यालय रहेको स्थान | क्षेत्रफल (वर्ग कि.मी.) | कार्यालय भवनमा स्वामित्व |
|---|---|---|---|
| १ | याम्खा | १७.३० | आफ्नै |
| २ | डाँडागाँउ | १४.३९ | आफ्नै |
| ३ | छोरम्बु | १०.७७ | आफ्नै |
| ४ | बतासे | ३७.२३ | आफ्नै |
| ५ | सप्तेश्वर छितापोखरी | १५.७४ | आफ्नै |
| ६ | छितापोखरी | २३.१७ | आफ्नै |
| ७ | टेम्मा | १७.९० | आफ्नै |
| | | १३६.४७ | |

*स्रोत: प्रकाशोन्मुख वस्तुगत विवरण, दिप्रुङ चुइचुम्मा गाउँपालिका, २०७५*

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

विश्व मानचित्रमा यो गाउँपालिका २७° २' ०५" उत्तरदेखि २७° ९' ४४" उत्तरी अक्षांशसम्म र ८६° ४१' ५९" देखि ८६° ५३' ३५" पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्र सतहबाट करिब ६०० देखि २५०० मिटरसम्मको उचाइमा विस्तारित यो गाउँपालिका भिरालो जमिनयुक्त पूर्णतः पहाडी भूभाग हो । भूउपयोग नक्साको तथ्यांकअनुसार यस गाउँपालिकाको कुल भूमिमध्ये खेती गरिएको जमिन ७६.९१ प्रतिशत, वनले ओगटेको क्षेत्र

५२.०६ प्रतिशत, चरन क्षेत्र ४.४६ प्रतिशत, झाडी क्षेत्र १.८३ प्रतिशत, बलौटे क्षेत्र ०.५६ प्रतिशत र खोलानाला तथा तलैया ०.६५ प्रतिशत रहेको छ ।

धिप्रुङ झरना, छितापोखरीलगायतका प्राकृतिक सम्पदाको धनी यो गाउँपालिका वनजंगल तथा प्राकृतिक दृष्यावलोकनका दृष्टिले मनोरम छ । अर्धशीतोष्ण तथा समशितोष्ण हावापानी पाइने यस गाउँपालिकामा १२०० मीटरभन्दा तल साल, खयर, कुसुम, जामुन जस्ता बोटविरुवाहरु पाइन्छन् । १२०० मिटरदेखि २१०० मिटरसम्मको पहाडी क्षेत्रमा हिउँदमा पात झर्ने सल्लो, चाँप, उत्तिस, लाकुरी, ओखर, चिलाउने, कटुस जस्ता पतझर वनस्पतिहरु पाइन्छन भने २१०० मिटरभन्दा माथिका केही लेकाली भुभागमा सल्लो, धुपी, गुराँस पनि पाइन्छ । प्रशस्त सामुदायिक र निजीवन भएको यस गाउँपालिकामा दुर्लभ जडीबुटीहरु समेत पाइन्छन । त्यसैगरी साप्सु, तावा, धिप्लुङ, खरुवा, टुकुरे, टुवाखोलाबाट सिंचित यो गाउँपालिकामा रेग्मीटार, जगनटार, टुवाखोला फाँट जस्ता कृषियोग्य क्षेत्र पनि रहेका छन् ।



## २.४ जनसांख्यिक अवस्था

यस गाउँपालिकामा कुल ३७५२ घरधुरीमा २२३८७ जनसंख्या रहेको छ जसमध्ये महिला १०८७०, तेस्रो लिंगी १ जना र बाँकी पुरुष रहेका छन् । सवैभन्दा बढी जनसङ्ख्या वडा न. ७ मा (४३७६) र सबैभन्दा कम जनसङ्ख्या वडा नं. ६ मा (२३२६) रहेको छ । त्यस्तै यस गाउँपालिकाका वडागत घरधुरीसङ्ख्या सवैभन्दा बढी वडा नं. ७ मा ६८८ र सबैभन्दा कम वडा नं. ६ मा ३८५ रहेका छ । यससम्बन्धी थप विवरण देहायअनुसार रहेका छ :

तालिका नं. २ : वडागत जनसंख्या तथा घरधुरी

| वडा नं. | घरधुरी | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५२६ | १५४६ | १४६४ | १ | ३०११ |
| २ | ५११ | १५३२ | १४६९ | - | ३००१ |
| ३ | ४७१ | १४२० | १३०७ | - | २७२७ |
| ४ | ६५९ | २०१६ | १९५७ | - | ३९७३ |
| ५ | ५१२ | १५२२ | १४५१ | - | २९७३ |
| ६ | ३८५ | १२३१ | १०९५ | - | २३२६ |
| ७ | ६८८ | २२४९ | २१२७ | - | ४३७६ |
| **जम्मा** | **३७५२** | **११५१६** | **१०८७०** | **१** | **२२३८७** |

*स्रोत: प्रकाशोन्मुख वस्तुगत विवरण, दिप्रुङ चुइचुम्मा गाउँपालिका २०७५*

यस गाउँपालिकामा खासगरी मंगोलियन र आर्य सम्प्रदायहरू अन्तर्गतका विभिन्न जातजातिहरूको ऐतिहासिक कालदेखि नै बसोवास रहिआएको छ । यहाँ बाहुल्य भएको जातजातिमा क्षेत्री (३२.५%), राई (३०.५ % ) तथा अन्यमा मगर, तामाङ, भुजेल, नेवार, ब्राह्मण, दमाइ, वि.क., सार्की, दशनामी, चाम्लिङ, वान्तवा, थुलुङ समुदाय रहेका छन् ।

मातृभाषाका आधारमा हेर्दा ६७ प्रतिशत जनसंख्याले नेपाली भाषा, ६.१५ प्रतिशतले मगर भाषा बोल्ने गरेको पाइन्छ भने तामाङ, नेवारी लगायत अन्य भाषा बोल्नेको सङ्ख्या क्रमश: ४.१०, १.०६ र ३.१७ प्रतिशत रहेको छ । धर्मका आधारमा हेर्दा ७२.३३ प्रतिशत हिन्दु, १७.७७ प्रतिशत बौद्ध, करिब १० प्रतिशत किराँत तथा बाँकी क्रिष्चियन समुदाय रहेका छन् ।

## २.५ सांस्कृतिक अवस्था

यहाँ मनाइने मुख्य चाडपर्वहरुमा दशैं, तिहार, हरितालिका तीज, सोनाम ल्होसार, ग्याल्पो ल्होसार, साकेला नाच, रामनवमी, शिवरात्री, फागु पूर्णिमा, वुद्ध पूर्णिमा, नागपञ्चमी, माघेसंक्रान्ती, साउने संक्रान्ती, कृष्णजन्माष्टमी, चैते

दशैं, हरिशयनी एकादशी, हरिबोधनी एकादशी, कुशेऔसी, भीमसेन पुजा, लाखे नाच तथा द्यवाली पूजा आदि रहेका छन् । यिनका अतिरिक्त बिमिरे बालाचर्तुदशी मेला, टेम्माटार शनिबारे हाट, माघेसंक्रान्ती मेला, टेम्माटार देवीथान पूर्णे बजार, टेम्माटार फागु, तथा शान्ति मा वि फागु आदि हाट तथा मेलाले पनि यस गाउँपालिकाको सांस्कृतिक विशिष्टतालाई थप बलियो बनाएको छ ।

धार्मिक तथा ऐतिहासिक स्थान दिप्रुङ चुइचुम्मा गाउँपालिकामा तीनकन्या देवी मझौ, पञ्चकन्या देवी बोफ्लु, जालपादेवी मन्दिर, दुर्गा मन्दिर आदि थुप्रै धार्मिक, पर्यटकीय तथा ऐतिहासिक मठमन्दिरहरु रहेका छन्, यहाँ रहेका धार्मिक, ऐतिहासिक स्थलहरुलाई तालिका नं. ३ मा वडागत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ : धार्मिक तथा ऐतिहासिक स्थानहरू**

| वडा नं. | धार्मिक तथा ऐतिहासिक स्थल |
|---|---|
| १ | लिलावती हिमावती देवीस्थान, सिद्धेश्वर महादेव स्थान, श्रीकृष्ण मन्दिर कमेरेगाँउ, सरस्वती मन्दिर, शिव मन्दिर, संसारीदेवी स्थान, देवीस्थान लिलिमा, सहकालादेवी, देवीस्थान खमारे, शिव मन्दिर खमडाडा, शिव मन्दिर पोखरे, देवीस्थान जामुने, भान्जीदेवी रातमाटा, देवीस्थान मन्दिर रातमाटा, सिंहदेवी मन्दिर रातमाटा, भिमसेन स्थान मन्दिर रातमाटा |
| २ | तीनकन्या देवी मझौ, काँडेखोला, सेस्सथुम्का र कुमालटार पञ्चकन्या जालपादेवी वैदारगाउँ छोईलिङ साङ्गे गुम्बा बोफ्लु, नाली, पृथीबल सिकारी नाली, तीनकन्या देवी, ताकमारे देवी, पखुवा देवी ओखरबोटे, पञ्चकन्या देवी पिपलडाँडा, धोबीधारा, सिक्ला, चारकिल्ला गुफा, उर्लेनी पखुवादेवी महादेवस्थान, काभ्रे देवीस्थान ओखे, सिद्देश्वर महादेव, आकाशेदेवी, जलेश्वर महादेव, पञ्चकन्या देवी, तीनकन्या देवी, साकेला, भगवती देवी सिक्रे, जलपादेवी फेदी, शखरेपोखरी महादेव खुतुम्बु, जलजला देवी ओखरोटे, वायुथान नाली, पञ्चकन्या देवी वनपाला बाघ ठूलोगुफा, सातकन्या, पाँचकन्या देवी वारुङ, भिमसेनथान नाली, काभ्रेदेवी साविक ८, जलजलादेवी ओखरबोटे |
| ३ | खप्तडी बस्नेत कुलमन्दिर, महेन्द्र निदेश्वर महादेव, जालपादेवी मन्दिर, दुर्गा मन्दिर, पिप्ले महादेवस्थान पोखरीटहरा, तौले महादेव मन्दिर, उर्गेन पेमाछोलिङ बौद्ध गुम्बा, राम्चे सिद्देश्वर |
| ४ | जलपादेवी बोल्मा, जलशिकारी थान, विश्वेश्वर महादेव मन्दिर, कामधेनु देवीथान, दमैवारी |
|  | शिकारीथान, सन्सारीमाई थान, हिन्दवाधारा देवीथान, विश्वकर्मा मन्दिर, पारपानी तलेदेवी, जलनधारादेवी, कुन्तिदेवी, जलपादेवी डाँडा, जलेश्वरी मडेश्वरी, साकेलाथान, महाकाली देवी, सर्वेश्वर महादेव मन्दिर, वाल्मिलुङ गुफा |
| ५ | छितापोखरी शिवमन्दिर, राम्चे शिवमन्दिर, चुच्चे ढुङ्गा, सिद्धबाबाको मन्दिर |
| ६ | रिक्सुम गुम्वा, पाँचकन्या देवी वास्थला, धिप्लुङ झरना, शहिद धुव्रपार्क |
| ७ | पाँचकन्या देवीस्थान, साकेला थान दिलैची, साकेलाथान ज्यामिरे, तीनकन्या देवीस्थान दिलैची, पाँचकन्या देवीथान, भस्मे साकेलाथान, शितलादेवी देवीथान, साकेलाथान बरबोटे, तारिका देवीथान काहुले, शिकारीथान महभीर, ढाडेपाखा एककन्या देवी, तिनकन्या देवीस्थान गोपी, जालपा दिनकन्या देवीथान, जालपादेवी रिबु, सिंहदेवीथान घुमाउने, पाँचकन्या देवीथान गैरीगाउ, नागदेवी समखोला, सिमखर्क देवीथान, पातल सातकन्या, हचुमा देवीथान, जालपा सातकन्या देवी खनपूल, धिप्लुङ छागा रिठ्टे झाँक्री थान, दुर्गा मन्दिर, हातिसार सातकन्या देवी, घिमिरे द्यवालीथान, पौडेल खत्री द्यवालीथान, गिताङ्गे भीर झाँक्रीबास |

*स्रोत: वडा कार्यालय, दिप्रुङ चुइचुम्मा गाउँपालिका २०७५*

उपरोक्त विभिन्न स्थानहरुमध्ये छितापोखरी र धिप्लुङ झरना गाउँपालिकालाई तत्काल पर्यटन र आयआर्जन गर्न सक्ने हिसाबले बढी महत्वपूर्ण रहेका छन् । छितापोखरीमा पिकनिक स्थल तथा शहीद ध्रुव खड्काको प्रतिमा रहेको छ । यहाँ शौचालय तथा ट्रसको व्यवस्था छ । यहाँ वार्षिक करिब ५००० आगन्तुक अवलोकनका लागि आउने गरेको अनुमान गरिएको छ ।  धिप्रुङ झरनामा गाउँपालिकाले रेलिङ, भऱ्याङलगायतको संरचना बनाएको छ । यहाँ वार्षिक करिब १२०० आगन्तुक आउने अनुमान छ ।

## २.६ आर्थिक अवस्था

यस गाउँपालिकाको मुख्य पेशा कृषि तथा वैदेशिक रोजगारी रहेको छ । गाउँपालिकाको प्रकाशोन्मुख पार्श्वचित्रअनुसार यहाँको कुल जनसंख्यामध्ये कृषिमा ४१.८ प्रतिशत, वैदेशिक रोजगारीमा ४.५ प्रतिशत, नोकरीमा ३ प्रतिशत तथा व्यापार व्यवसायमा करिब १ प्रतिशत जनसंख्या संलग्न रहेको तथ्यांक छ । उक्त क्रममा लिइएको घरधुरी सर्वेक्षण अनुसार गाउँपालिकामा मासिक रुपमा औसत रु. ५००० भन्दा कम कमाउनेको घरधुरी सङ्ख्या १७३८ (४६.३२ प्रतिशत, सबैभन्दा बढी) छन् भने ३५००० देखि ४०००० सम्म आम्दानी गर्ने घरधुरीसङ्ख्या १४२ (३.७८ प्रतिशत, सबैभन्दा कम) रहेको देखिन्छ । गाउँपालिकाभित्र आफ्नो उत्पादनले खान पुगेर बेचविखन गर्ने घरधुरी संख्या ४६ रहेको छ ।

आवासीय संरचनाको अवस्था हेर्दा यस गाउँपालिकाको कुल घरधुरी ३७५२ मध्ये ३१० (८.२६ प्रतिशत) घरधुरी कच्ची र झुप्रा रहेका छन् । त्यसैगरी १६६५ घरधुरी (४३.५८ प्रतिशत) ढुंगा, माटो र टिनको छाना भएका छन् । भूकम्प प्रतिरोधात्मक घरमा बस्ने परिवारहरुको सङ्ख्या १६६ (४.४२ प्रतिशत) रहेको देखिन्छ । बाँकी परिवार वालसिष्टमको घर तथा अन्य प्रकारकोमा बस्ने गरेका छन् ।

घरको स्वामित्व हेर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिकामा बसोबास गर्ने कुल जनसङ्ख्यामध्ये ३६०९ (९६.१८ प्रतिशत) को आफ्नै निजी घर रहेको देखिन्छ भने ३४ (०.९० प्रतिशत) बहालमा, ५९ घरपरिवार अरुसगँ मिलेर बसेको, ३५ घरपरिवार सुकुम्बासीको रुपमा बसोबास गर्दै आएको देखिन्छ ।

वडा नं. १ स्थित बेलबोटेमा, वडा नं. २ स्थित पिपलडाँडामा र वडा नं. ५ स्थित छितापोखरीमा माछापोखरी रहेको छ । ओखे, गुरुङडाँडा तथा बोफ्लुमा गरी कुल नौ वटा आवासीय होटलहरु रहेका छन् । एक वटा बैंक, नौ वटा सहकारी संस्था, दुई वटा बोर्डिङ स्कूल, १० वटा फेन्सी पसल, सात वटा ठेक्कापट्टा व्यवसाय, १०९ वटा खुद्रा पसललगायत अन्य विभिन्न किसिमका गरी कुल २९३ वटा व्यवसाय यस गाउँपालिकामा सञ्चालित छन् ।

## २.७ गाउँपालिकाको मानवीय संशाधन

नवगठित गाउँपालिकाको पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन भइआएको छ । यस गाउँपालिकामा जम्मा ३६ जना गाउँसभा सदस्यहरु रहेका छन् ।

गाउँपालिकाको स्वीकृत संगठनात्मक संरचनाले चारवटा शाखा तथा तीअन्तर्गत १० वटा एकाइहरु, आन्तरिक लेखा परीक्षण एकाइ तथा वडा कार्यालयहरुको व्यवस्था गरेको छ । आर्थिक प्रशासन इकाइ तथा राजस्व इकाइलाई प्रशासन, योजना तथा अनुगमन शाखाअन्तर्गत राखिएको छ । यस गाउँपालिकाको कार्यालयमा यो योजना तर्जुमाका बखत (२०७६ मंसिर १८ गतेसम्म) कार्यरत कर्मचारीहरुको संख्यात्मक विवरण देहायअनुसार रहेको छ :

**तालिका नं. ४: गाउँपालिकामा कार्यरत कर्मचारीको संख्या**

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ |
| २ | योजना शाखा | १ |
| ३ | शिक्षा संयोजक | १ |
| ४ | इन्जिनियर (भूकम्प) | १ |
| ५ | इन्जिनियर | १ |
| ६ | सुचना प्रविधि अधिकृत | १ |
| ७ | स्वास्थ्य संयोजक | १ |
| ८ | पशु संयोजक | १ |
| ९ | कृषि संयोजक | १ |
| १० | महिला तथा बालबालिका, संयोजक | १ |
| ११ | वडा सचिव | ५ |
| १२ | स.ले.पा. | १ |

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १७ | सहायक कम्प्युटर अपरेटर | १ |
| १८ | अ.स.ई. | ४ |
| २२ | अ.स.ई (भूकम्प) | २ |
| २४ | कार्यालय जे.टि.ए | ३ |
| २७ | भि.जे.टि.ए. | १ |
| २८ | गा.पा.का.स. | २ |
| ३० | चालक | २ |
| ३२ | का.स। | १ |
| ३३ | स्वास्थ्य सेवातर्फ विभिन्न पदमा | ३३ |
| कुल | | ६५ |

## २.८ गाउँपालिकाको भौतिक सम्पत्ति

गाउँपालिकाका सात वडामा आफ्नै स्वामित्वमा वडा कार्यालय भवनहरु रहेका छन् । गाउँपालिका कार्यालयको याङसोलाटारमा १९ रोपनी जग्गामा अस्थायी भवन रहेको छ र यससँगै गाउँपालिकाको नयाँ भवन निर्माणको तयारीमा रहेको छ ।

गाउँपालिका कार्यालयमा एलजी टेलीभिजन १ थान, सोलार ३ सेट, क्यामारा १ थान, ठूला र साना गरी १२ वटा प्रिन्टर, ल्यापटप सहित कम्प्युटर २५ थान, मोटर साइकल बाह्र थान, प्रोजेक्टर १ वटा, जीपीएस १ वटा, महिन्द्रा जीप १ वटा, जेसीबी एक्साभेटर १ वटा, घुम्ने कुर्सी १० वटा, स्टील दराज ५ वटा, सीसी क्यामेरा ५ थान र कार्यालय प्रयोजनका लागि आवश्यक अन्य न्यूनतम कार्यालय सामग्रीहरु रहेका छन् ।

# परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संबोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरञ्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा गाउँपालिकाको एकल अधिकार:**

**अ) कर**

- सम्पत्ति कर: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- घर जग्गा बहाल कर: कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी कर: टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु कर: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- <u>बहाल बिटौरी शुल्कः</u> आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- <u>पार्किङ शुल्कः</u> आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग*
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

*नोट : केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६।०६।०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा देहायअनुसार व्यवस्था गरिएको छ :*

## वन ऐन, २०७६

**प्रमाणीकरण मिति**
**२०७६।०६।२७**

संवत् २०७६ सालको ऐन नं. १२

(२) उपदफा (१) बमोजिमको कार्ययोजना डिभिजनल वन अधिकृतले जाँचबुझ गरी उपयुक्त देखिएमा स्वीकृत गर्नेछ।

**वनको विकासको लागि खर्च गर्नु पर्ने**: (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ।

**(ख) प्रदेश तथा संघीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने*
- *आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँट गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व बाँडफाँट**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- <u>वित्तीय समानीकरण अनुदानः</u> खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- <u>सशर्त अनुदानः</u> कुनै योजना कार्यान्वियन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- <u>समपूरक अनुदानः</u> पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वियन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- <u>विशेष अनुदानः</u> कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वियन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने
-

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानुन बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था) ।
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

**तालिका नं. ५: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका शीर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **क.** | **करतर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | छ | छ |
| २ | सम्पत्ति कर | छ | छैन | छैन |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | छ | छैन |
| ४ | घर जग्गा बहाल कर | न्यून | छ | छैन |
| ५ | व्यवसाय कर | छ | छ | छैन |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | निकै न्यून | छैन | छैन |
| ७ | विज्ञापन कर | निकै न्यून | छ | छैन |
| **ख.** | **गैरकरतर्फ** | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | छैन | छ |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | छैन | छैन | छैन |
| ३ | नक्सापास दस्तुर | छ | छ | छैन |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | छ |
| ५ | बहाल विटौरी शुल्क | छ | छ | छ |
| ६ | पार्किङ्ग शुल्क | छैन | छ | छैन |
| ७ | सरकारी सम्पत्तिको बहालबाट आय | न्यून | छ | छैन |
| ८ | अस्पताल संचालन | छैन | छैन | छैन |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छैन | छैन | छैन |
| १० | स्थानीय खानेपानी महसुल | छैन | छैन | छैन |
| ११ | स्थानीय विद्युत् महसुल | छैन | छैन | छैन |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | दिर्घकालमा छ | छैन | छैन |
| १३ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छ | छैन | छैन |
| १४ | मूल्यांकन सेवा शुल्क | छ | छ | छ |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | छ | छ (घ वर्गको निर्माण इजाजतबापत) |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छैन | छैन | छैन |
| १७ | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | छ |

| क.सं. | आयका शीर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| १८ | दण्ड जरिवाना | छ | छैन | छैन |

उल्लिखित मध्ये करका शीर्षकतर्फ मालपोत मात्र संकलन भइरहेको छ । सम्पत्ति कर, व्यवसाय करको सम्भावना भएको भएता पनि हालसम्म परिचालन भएको छैन । जडीबुटी, कवाडी र जीवजन्तु कर तथा घरबहालको सम्भावना न्यून रहेको छ । तत्कालका लागि सवारी करको सम्भावना देखिँदैन ।

त्यसैगरि गैरकरतर्फ समग्रमा जम्मा १८ वटा शीर्षकहरूमध्ये हाल ६ वटा शीर्षकबाट संकलन भइरहेकोमा राजस्व प्रशासन सुधार गरी १० वटा शीर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ । बहाल बिटौरी पञ्चमी बजारबाट न्यूनरुपमा संकलन भइरहेको छ । सरकारी सम्पत्ति (जेसीबी, सभाहल, साउण्ड सिस्टम, प्रोजेक्टर) को बहालमा लगाउँदा छ सीमित भए पनि आय हुने सम्भावना छ । अन्य शीर्षकका हकमा भने तत्कालका लागि सम्भावना देखिँदैन ।

## ३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### *३.३.१ कर राजस्व*

**क. सम्पत्ति कर**

**हालको अवस्थाः**

गाउँपालिकाको आ.व. २०७६।७७ को आर्थिक ऐनको दफा २ मा “गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत/सम्पत्ति कर घरजग्गा घर लगाइने र असुल उपर गरिनेछ” भन्ने उल्लेख गरिएको छ, यद्यपि सम्बन्धित अनुसूचीमा सम्पत्ति करको दर भने तोकिएको छैन । गाउँपालिकाले हालसम्म सम्पत्ति कर संकलनलाई कार्यान्वयनमा ल्याएको छैन ।

**संभाव्यताः** गाउँपालिकाको प्रकाशोन्मुख वस्तुस्थिति विवरणअनुसार यहाँ कुल ३७५२ घरधुरी रहेका छन् । विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल ३७५२ घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । गाउँ कार्यपालिका कार्यालयमा प्राविधिक जनशक्ति कम भइरहेको अवस्थामा हरेक घरधुरीको सम्पत्ति कर गणना गर्नु निकै असहज हुने हुँदा सहजताका लागि गाउँपालिकामा भएका घरहरुलाई कच्ची तथा झुप्रा घर, ढुंगा माटोले बनेका तथा टिनको छानो भएका घर र अन्य पक्की घर गरी तीन समूहमा वर्गीकरण गरी यी तीन किसिमका घरधुरीलाई क्रमशः वार्षिक प्रतिघरधुरी रु. ५०, रु. १०० र रु. १५० का दरले कर निर्धारण गर्न प्रस्ताव गरिएको छ । यसअनुसार हुन आउने सम्पत्ति करको गणना निम्नअनुसार रहेको छ :

**तालिका नं. ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर**

| करदाता सम्बन्धी विवरण | करदाता संख्या | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कुल आय (रु.) |
|---|---|---|---|
| कच्ची र फुस/खरले छाएको घर भएका करदाता | ३१० | ५० | १५५०० |
| ढुंगा,माटो/खर/टायल/टिनको छानोको घर भएका | ३२७२ | १०० | ३२७२०० |
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | १७० | १५० | २५५०० |
| **जम्मा** | ३७५२ | | ३६८२०० |

**सुधारका पक्षहरूः** सम्पत्ति कर कार्यान्वयनका लागि गाउँपालिकाले गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- आर्थिक ऐनमा सम्पत्ति कर लगाउने प्रावधान सहित करको दर (प्रगतिशील) निर्धारण गरि समावेश गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरुका लागि तालिम संचालन गर्ने ।

- सम्पत्ति कर सम्बन्धी आमजनताहरुलाई विभिन्न माध्यमबाट सूचित गर्ने ।
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी गाउँपालिका कार्यालय तथा सबै वडामा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।

### ख मालपोत वा भूमि कर

**हालको अवस्था:** गाउँपालिकाको आ.व. २०७६।७७ को आर्थिक ऐनमा गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा उपभोगका आधारमा भूमिकर लगाई असुल उपर गर्ने उल्लेख गरिएको छ । यसअन्तर्गत बारी र खेतलाई परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरी चार-चार समूहमा वर्गीकरण गरी १० रोपनीभन्दा कम भएकालाई केही न्यून दर र बढी भएकालाई केही बढी दर तोकिएको छ । आ.व. २०७५।७६ मा यस शीर्षकमा कुल रु. एक लाख १२ हजार १९९।- संकलन भएको छ ।

**संभाव्यता:**

गाउँपालिकामा भूमिको वर्गीकरण नभएको र भूमिकर लगाउनयोग्य जग्गा र सोको करदाता सम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा हालैको सर्भेक्षणबाट प्राप्त घरधुरी संख्या ३७५२ लाई भूमि करदाता संख्या निर्धारण गर्ने मूल आधारका रुपमा लिइएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकरयोग्य जग्गा हुन सक्ने अवस्था समेतलाई मध्यनजर गरि कार्यशालाका दौरान गरिएको छलफलमा करिब ८००० जग्गाधनी हुन सक्ने अनुमान गरिएको थियो । स्थानीयस्तरको छलफलका आधारमा प्रति घरधुरीसँग रहेको जग्गाको औसत क्षेत्रफल कुल १० रोपनी रहेको देखिन्छ । तर कति घरधुरीसँग कति जग्गा छ भन्ने तथ्यांक उपलब्ध नभएको हुँदा निम्नअनुसार करदाता संख्या आँकलन गरिएको छ :

**तालिका नं. ७: सम्भाव्य मालपोत करदाता तथा मालपोत**

| करदाता सम्बन्धी विवरण | करदाता संख्या (अनुमानित) | प्रस्तावित औसत करको दर | | संम्भाव्य संकलन |
|---|---|---|---|---|
| | | प्रति रोपनी | प्रति करदाता | |
| औसत २ रोपनी जग्गा हुने करदाता (कुल करदाताको २५ प्रतिशत) | २००० | २० | ५० | १००००० |
| ५ रोपनीभन्दा अधिक जग्गा हुने करदाता (कुल करदाताको ५० प्रतिशत) | ४००० | २५ | १५० | ६००००० |
| १० रोपनीभन्दा अधिक जग्गा हुने करदाता (कुल करदाताको २५ प्रतिशत) | २००० | ३५ | २५० | ५००००० |
| **जम्मा** | **८०००** | | **१५०** | **१२०००००** |

**सुधारका पक्षहरू:** यस सम्बन्धमा सुधारका पक्षहरु देहायअनुसार छन् :

- मालपोत कार्यालयसँग समन्वय गरी गाउँपालिकामा जग्गाधनी र जग्गाको तथ्यांक अभिलेखीकरण गर्ने ।
- साविकको दरमा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका वर्तमानमा बढी मूल्य जाने जग्गालाई केही उच्च दर निर्धारण गर्ने ।
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी गाउँपालिका कार्यालय तथा सबै वडामा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।
- छुट्टै शीर्षकमा देखिने गरी यस शीर्षकको आम्दानी बाँध्ने ।
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

### ग. घरजग्गा वहाल कर

**हालको अवस्था:**
गाउँपालिकाको चालू आर्थिक ऐनले गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल दिएकोमा १० प्रतिशतका दरले घरबहाल कर लगाई असुल उपर गरिनेछ भन्ने उल्लेख गरेको छ। हालसम्म संस्थागत रुपमा बहालमा दिइएका घरहरुबाट पनि यो कर संकलन भएको छैन । यस गाउँपालिका क्षेत्रमा निकै न्यून घरहरु मात्र बहालमा रहेका छन् । छलफलका दौरान प्राप्त जानकारी अनुसार करिब २० वटा घरहरु बहालमा रहेका र मासिक औसत रु. १००० घरबहाल कर संकलन गर्ने गरेको अनुमान गरिएको छ। यसका आधारमा विश्लेषण गर्दा पालिकाले घरजग्गा बहाल कर अन्तर्गत जम्मा रु. २४००० संकलन गर्न सक्ने सम्भावना रहेको छ।

**सुधारका पक्षहरू:** घर बहाल कर संकलनबाट प्राप्त हुने कुल राजस्व न्यून भए पनि पद्धति स्थापना तथा राजस्व संकलन सामर्थ्य वृद्धिका लागि घर बहाल कर संकलन गर्ने ।

### घ. व्यवसाय कर

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐनमार्फत् व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ। आर्थिक ऐनमा ६६ प्रकारका व्यवसायलगायत उत्पादनमूलक उद्योग र सेवा उद्योगहरुमा व्यवसाय करको दर निर्धारण गरेको छ। सबैभन्दा बढी क्रसर/इँटा भट्टा उद्योगका लागि रु. ८०००।- र सबैभन्दा कम माटोका भाँडा पसललाई रु.२००।- तोकिएको छ भने धेरै व्यवसायको कर औसतमा २०००।- देखि रु. ३०००।- सम्म तोकिएको छ। गाउँपालिकाले हालसम्म व्यवसाय कर संकलन गरेको छैन।

**संभावना:**
प्रकाशोन्मुख वस्तुगत विवरण अनुसार नौ वटा होटल व्यवसायहरु, एक वटा बैंक, नौ वटा सहकारी संस्था, दुई वटा बोर्डिङ स्कूल, १० वटा फेन्सी पसल, सात वटा ठेक्कापट्टा व्यवसाय, १०९ वटा खुद्रा पसललगायत अन्य विभिन्न किसिमका गरी कुल २९३ वटा व्यवसाय यस गाउँपालिकामा सञ्चालित छन्। यस अध्ययनको प्रयोजनका लागि प्रकाशोन्मुख वस्तुगत विवरण अनुसारको तथ्यांकलाई आधार लिइएको छ । उपलब्ध व्यवसाय र व्यवसायीको कर तिर्ने सामर्थ्यअनुसार व्यवसाय करको सम्भाव्यता निम्नअनुसार आँकलन गरिएको छ :

**तालिका नं. ८: व्यवसाय करको सम्भाव्यता विवरण**

| क्र.सं. | करदाता (व्यापार व्यवसायको स्तर अनुसार) | संख्या | औसत करको दर रु. | संभावित आय रु. |
|---|---|---|---|---|
| १ | वार्षिक रु. १,००० भन्दा अधिक कर तिर्ने करदाता | ५० | २००० | १००००० |
| २ | वार्षिक रु. १,००० सम्म कम कर तिर्ने करदाता | २४३ | ७५० | १८२२५० |
| | | | | २८२२५० |

**सुधारका पक्षहरू:** गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- गाउँपालिकामा संचालित व्यवसायहरूको करको दर वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- सबै व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा तथा सुरुमा न्यून दर कायम गर्ने
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने ।

### ङ. जडीवुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्थाः** यस शीर्षकमा गाउँपालिकाले हालसम्म कुनै कर संकलन गरेको छैन । यद्यपि यो गाउँपालिका जडीबुटी खेतीको लागि उपयुक्त क्षेत्र भएकोले व्यवसायिक खेती प्रवर्द्धन गर्न सकिने अवस्था भने रहेको छ । यस गाउँपालिकाको आर्थिक ऐनमा गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडी माल, प्वाँख, छालाजस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत कर लगाइने र असुलउपर गरिने उल्लेख गरेको छ ।

**संभावना (जडिबुटी कर):**
जडिबुटी संकलन तथा बिक्री सम्बन्धमा कुनै तथ्यांक नभए पनि जडीबुटी उत्पादनको सम्भाव्य क्षेत्र भएकोले यस शीर्षकमा जम्मा रु. ५० हजार संकलन हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः** यस कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- व्यवसायीहरुको दर्ता, अभिलेखीकरण गर्ने ।
- छुट्टै शीर्षकमा देखिने गरी यस शीर्षकको आम्दानी बाँध्ने ।
- कवाडी वस्तुहरुको व्यवसायिक रुपमा संकलन तथा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।
- जडीबुटीको व्यवसायिक खेतीको प्रवर्द्धन गर्ने ।

### च. विज्ञापन कर

**हालको अवस्था र सम्भावनाः** विद्यमान कानुनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ । धिप्रुङ झरना, छितापोखरी तथा पञ्चमी बजार वरपरका क्षेत्रहरु विज्ञापनका लागि उपयुक्त भए पनि हालसम्म विज्ञापन प्रवर्द्धन हुन सकेको छैन । गाउँपालिका क्षेत्रमा हुने विज्ञापन सामग्री उपलब्ध नभएकाले आगामी वर्षका लागि कुनै अनुमान गरिएको छैन ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने

## *३.३.२ गैरकर राजस्व*

### क) बिक्रीबाट प्राप्त रकम *(ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)*

**हालको अवस्थाः** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानुनमा स्रोत

बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

गाउँपालिकाको आर्थिक ऐनमा ढुंगा, गिट्टी, बालुवाको बिक्री दर निर्धारण गरेको छैन । गाउँपालिकाले खण्ड १ अन्तर्गत तावा खोला दोभानदेखि साप्सु हुँदै बुल्कु दोभानसम्म तथा खण्ड २ अन्तर्गत भालुखोला दोभानदेखि साप्सु दोभान हुँदै सुनकोशी नदी टुवा खोला दोभानसम्मका लागि प्रति ट्र्याक्टर बढीमा रु. ८००।- तथा प्रति टिपर बढीमा रु. २०००।- का दरले ठेक्का सूचना निकाली उल्लिखित खण्ड १ क्षेत्र तीन लाखमा र खण्ड २ रु. पाँच लाखमा ठेक्का लगाएको छ ।  यद्यपि प्रारम्भिक वातावरणीय परीक्षण भने गरिएको छैन ।

**सम्भावना:** ढुंगा, गिट्टी, बालुवाको उपलब्ध स्रोतका तुलनामा बजारको कमी भएका कारण गाउँपालिकाले तत्काल यस शीर्षकमा उल्लेख्य फाइदा लिन कठिनाइ भएको छ । गाउँपालिकामा भएको प्रारम्भिक कार्यशाला गोष्ठीमा भएको छलफलमा वार्षिक करिब १०००००० बराबरको ढुंगा, गिट्टी, बालुवा बिक्री गर्न सकिने अनुमान गरिएको थियो, आगामी आ.व.को सम्भावित आयमा सोही अनुसार अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू :**

- प्रारम्भिक वातावरणीय अध्ययन परीक्षण गरी अध्ययन प्रतिवेदन तयार गर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् तथा बिक्री कार्यका लागि गराउन ठेक्का आव्हान गर्ने ।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने । प्रारम्भिक वातावरणीय परीक्षण गरी ठेक्का नलागुञ्जेलका लागि गाउँपालिका स्वयम्ले अमानत मार्फत् रकम संकलन गर्ने ।
- गाउँपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

### ख) बहाल बिटौरी शुल्क

**हालको अवस्था:** गाउँपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । पञ्चमी बजार तथा टेम्मा हाटमा सार्वजनिक जमिनमा संरचना तथा हाट बजार चल्ने गरेको छ ।

**संभावना:** बहाल बिटौरी शुल्कका लागि पञ्चमी बजार तथा टेम्मा सम्भाव्य स्थलका रुपमा रहेका छन् । पञ्चमी बजारमा करिब ६० व्यवसायी तथा टेम्मा बजारमा करीब ४० व्यवसायी रहेका छन् । यी दुवै स्थानमा साप्ताहिक हाट लाग्ने गर्दछ । सम्भाव्य बहाल बिटौरी शुल्क निम्नअनुसार आँकलन गरिएको छ :

**तालिका नं. ९: बहाल बिटौरी शुल्कको सम्भावना**

| क्र.सं. | संकलन क्षेत्र | अनुमानित व्यापारी संख्या (क) | वार्षिक हाट लाग्ने दिन (ख) | औसत प्रति व्यवसायी संकलन हुने रकम (ग) | कुल संकलन सम्भावना |
|---|---|---|---|---|---|
| १ | पञ्चमी बजार | ६० | ५२ | ५० | १५६००० |
| २ | टेम्मा हाट | ४० | ५२ | ५० | १०४००० |
| | | | | | **२६००००** |

**सुधारका पक्षहरू:** गाउँपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि निम्नअनुसार प्रस्ताव गरिएको छ :

- गाउँपालिकाभित्र भएका सार्वजनिक जमिनको विवरण संकलन गर्ने ।
- वहाल विटौरी शुल्कको दायराभित्र हाटबजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लाग्ने शुल्कलाई समावेश गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा संकलन गर्ने ।

### ग) नक्सा पास दस्तुर

**हालको अवस्था:** आर्थिक ऐनमा नक्सापास दस्तुरको दर तोकिएको छ तर नक्सापासको प्रचलन व्यवहारमा रुपान्तरिक भइसकेको छैन । यसर्थ हालसम्म गाउँपालिकाले यस शीर्षकमा कुनै आम्दानी गरेको छैन । अधिकांश घरहरु ढुंगा माटोले बनेका छन् ।

**सम्भावना:** नयाँ निर्माण हुने सबै घरहरुको विद्यमान कानुनी व्यवस्थाअनुसार नक्सापास र पहिल्यै निर्माण भइसकेका घरहरुको हकमा आर्थिक ऐनमा व्यवस्था गरी अभिलेखीकरण गर्नु आवश्यक हुन जान्छ । गाउँपालिकामा ३७५२ घरधुरी रहेको र आगामी आ.व.मा ५०० घरधुरीलाई अभिलेखीकरणको दायरामा ल्याउन सकेमा प्रति घरधुरी औसतमा रु. २००।- अभिलेखीकरण शुल्क लगाउँदा रु. १००००० र नयाँ घर ५० वटा थपिएमा औसत रु. १५००।- का दरले ७५००० गरी यस शीर्षकमा जम्मा रु. १७५०००।- संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:** घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने ।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

### घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था:** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । गाउँपालिकाले ***"घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि*** तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सो बापत दस्तुर संकलन गरिरहेको भएता पनि सो को व्यवस्था आर्थिक ऐनमा गरेको छैन ।

**सम्भावना :** गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिने कानुनी व्यवस्था छ । गाउँपालिकामा यस्ता व्यवासायिक फर्महरु करिब गरी कुल ५० रहेको अनुमान गरिएको छ । प्रति फर्म वार्षिक औसत रु. २००० रजिष्ट्रेशन दस्तुर लिँदा कुल रु. १००,००० संकलन गर्न सकिने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोबार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको ब्यवस्था गर्ने ।

**ङ) सिफारिश तथा प्रमाणित दस्तुर :**

**हालको अवस्था:** गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत् निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ। आर्थिक ऐनले सेवा शुल्क शीर्षकमा विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ। सिफारिश दस्तुर बापत आ.व. २०७५।७६ मा कुल रु. एक लाख १८ हजार ७००।- संकलन भएको छ।

**सम्भावना:** कार्यशाला दौरान भएको छलफल तथा वर्तमानमा वडाहरूले गर्ने विभिन्न सिफारिशको आधारमा यहाँ वार्षिक कुल ४००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ। विद्यमान दर अनुसार प्रति सिफारिश औसत रु. १५० कायम भएमा सिफारिश तथा प्रमाणितबाट वार्षिक कुल रु. ६,००,००० संकलन हुन सक्ने अनुमान गरिएको छ।

**सुधारका पक्षहरू:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

**च) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**

**हालको अवस्था:** हाल यस शीर्षकमा गाउँपालिकाले कुनै आम्दानी गरेको छैन । विद्यमान भौतिक स्रोतहरुको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको पनि छैन। आ.व. २०७५।७६ मा यस शीर्षकमा कुल रु. १४ हजार चार सय मात्र संकलन भएको छ । यस गाउँपालिकाको स्वामित्वमा रहेका निम्न भौतिक सम्पत्तिहरु बहालमा परिचालन गर्न सकिने देखिन्छ :

- जेसीबी एक्साभेटर
- हल
- साउण्ड सिस्टम
- प्रोजेक्टर

**सम्भावना:** गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्यांकहरू नभएकाले बाट आगामी आ.व.मा देहायअनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ :

**तालिका नं. १०: सम्पत्तिको बहालबाट प्राप्त हून सक्ने आयको सम्भाव्यता विवरण**

| क्रसं. | स्वामित्वमा रहेको सम्पत्ति | अनुमानित संभाव्य आय |
|---|---|---|
| १ | जेसीबि (व्याक हो लोडर) | १००,००० |
| २ | हल भाडा तथा साउण्ड सिस्टम | ३५,००० |
| ३ | प्रोजेक्टर भाडा | १५,००० |
| | **जम्मा** | **१,५०,०००** |

**सुधारका पक्षहरू:**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

# परिच्छेद - चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार राजस्व परामर्श समिति गठन गरेको छ :

**तालिका नं. ११: राजस्व परामर्श समिति**

| क.सं. | समितिका पदाधिकारीहरु | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | सपना राई, उपाध्यक्ष | संयोजक |
| २ | भीम प्रसाद दाहाल, प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | चन्द्रकला राई, कार्यपालिका सदस्य | सदस्य |
| ४ | अमृत गिरी, गाउँसभा सदस्य | सदस्य |
| ५ | सुमन पोखरेल, सहलेखापाल | सदस्य सचिव |

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकताअनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धि नीतिगत निर्णयहरू गाउँसभा समक्ष पेश गर्ने गरेको छ । राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने सम्बन्धमा छलफल गरी आ.व. २०७६।७७ मा लागू भएका राजस्वसम्बन्धी नीति तथा कानुनलाई नै आर्थिक वर्ष २०७६।७७ मा समेत निरन्तरता दिने गरी सर्वसम्मत निर्णय गरिएको छ । स्थानीय राजस्व परामर्श समिति गठन र त्यसको जिम्मेवारी सम्बन्धी कानुनी व्यवस्था **अनुसूची ५** र उक्त समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा **अनुसूची ६** मा संलग्न गरिएको छ ।

गाउँपालिकाको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा लिइएका नीति देहायअनुसार रहेका छन् :

- गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने ।
- मुख्य राजस्वका स्रोतहरु (सम्पत्ति कर, घरनक्सा पास तथा अभिलेख दस्तुर, व्यवसाय कर, हाटवजार कर, मालपोत कर, बहाल विटौरी शुल्क, सम्पत्ति मूल्यांकन शुल्क, निवेदन दस्तुर) को निर्धारण गरी सफ्टवेयर प्रणालीबाट असुली गर्ने व्यवस्था मिलाउने ।
- आम जनतालाई कर तथा राजस्वको महत्वका बारेमा जनचेतना विस्तार गरिनेछ ।
- यस गाउँपालिकालाई पूँजीगत विकासका लागि उल्लेखनीय कार्य जस्ले यस गाउँपालिकाका नागरिकको प्रतिष्ठामा वृद्धि, आर्थिक विकासमा उल्लेखनीय प्रगती हुने किसिमका आयोजना सञ्चालनका लागि स्थानीय शासन सरकार संचालन ऐनमा व्यवस्था भए बमोजिमको ऋण लिने नीति लिइने छ ।

## ४.२ विगतको आय परिचालनको अवस्था

कुल आयमा आन्तरिक आयको हिस्सा नगण्य रहेको छ । आन्तरिक आयतर्फ सिफारिश दस्तुर तथा मालपोत यहाँका मुख्य आयस्रोतका रुपमा रहेका छन् । हालको अवस्थामा आन्तरिक आय तर्फ गाउँपालिकाको लागि सम्पत्ति कर र मालपोत नै मुख्य तथा दिगो क्षेत्र हुन् । गाउँपालिकाले मालपोत संकलन गरिरहेको भएता पनि हाल सम्म

सम्पत्ति कर लागु भएको छैन । उद्योग व्यवसायको विकास न्यून भएको हुँदा व्यवसाय करको सम्भावना पनि तत्कालका लागि न्यून नै रहेको छ र व्यवसाय कर संकलन पनि भएको छैन । ढुंगा, गिट्टी, बालुवाको आ.व. २०७६।७७ का लागि रु. आठ लाखमा ठेक्का लागेको छ । घरबहाल कर, विज्ञापन कर, जडीबुटी कवाडी जीवजन्तु करको सम्भावना तत्कालका लागि निकै न्यून रहेको देखिन्छ। गाउँपालिकासँग विगत आर्थिक वर्षहरुको तथ्यांकको शीर्षकगत आयसम्बन्धी अभिलेख रहेको देखिँदैन । हालसम्म आन्तरिक आयको अनुमान गर्दा समेत शीर्षकगत रुपमा नगरेर एकमुष्ठ गर्ने गरेको पाइन्छ । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई प्रभावकारी बनाउन कठिनाइ रहेको छ ।

गाउँपालिकाकाबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाले विगत आ.व. २०७४।७५ र २०७५।७६ मा संकलन गरेको यथार्थ आय, चालु आ.व.का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण देहाय अनुसार रहेको छः

**तालिका नं. १२ः गाउँपालिकाको आय वृद्धिदर**

*रु ००० मा*

| आय शीर्षक | २०७४।०७५ को यथार्थ आय | २०७५।०७६ को यथार्थ आय | २०७६।०७७ को अनुमानित आय |
|---|---|---|---|
| **क. आन्तरिक आय** | **११२४** | ४३६ | **१०५०** |
| **जम्मा आन्तरिक आम्दानी** | **११२४** | ४३६ | **१०५०** |
| **ख. राजस्व बाँडफाँडबाट प्राप्त आय** | ० | **६४६९६** | **७५२७०** |
| संघीय सरकार बाट (मु.अ.कर तथा अन्तः शुल्क) | | ५९७१४ | ६९९०० |
| प्रदेश सरकार बाट (सवारी साधन) | | ४७५० | ५०८० |
| मालपोत रजिष्ट्रेशन | | २३२ | २९० |
| **ग. अनुदान** | **३३५७४३** | **३०७१७९** | **३३८६६१** |
| संघीय सरकार समानीकरण अनुदान | १६३७५० | ८२४६० | ९०२०० |
| संघीय सरकार : सशर्त | १२५०५१ | १५२४९३ | १७४३०० |
| संघीय सरकार समपुरक अनुदान | | १५४०० | |
| प्रदेश सरकार समानीकरण | ६०० | ३३२६ | ६९९७ |
| प्रदेश सरकार सशर्त अनुदान | | १३५०० | |
| अन्य अनुदान | ४६३४२ | ४०००० | ६७१६४ |
| **कुल जम्मा** | **३३६८६७** | **३७२३११** | **४१४९८१** |

माथिको तालिकाबाट यस गाउँपालिकाको आय संरचना हेर्दा माथि उल्लेख गरिएअनुसार आन्तरिक आयको हिस्सा निकै कमजोर देखिन्छ र गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघ तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान र कार्यक्रमबापतका रकम नै रहेको देखिन्छ । उल्लिखित तालिका अनुसार गाउँपालिकाको समग्र आयको सारांश देहायअनुसार रहेको छ :

**तालिका नं. १३ः गाउँपालिकाको कुल आयमा योगदान**

*रु ००० मा*

| आय शीर्षक | २०७५।०७६ को यथार्थ आय | | २०७६।०७७ को अनुमानित आय | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| क. आन्तरिक आय | ४३६ | ०.१ | १०५० | ०.३ |
| ख. राजस्व बाँडफाँडबाट प्राप्त आय | ६४६९६ | १७.४ | ७५२७० | १८.१ |
| ग. अनुदान | ३०७१७९ | ८२.५ | ३३८६६१ | ८१.६ |
| **कुल जम्मा** | **३७२३११** | **१००** | **४१४९८१** | **१००** |

## ४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने, संगठनात्मक स्वरुप तयार गर्ने वास्तविक दरबन्दीको यकीन गर्ने काम बाँकी रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :

- राजस्वसम्बन्धी काम आर्थिक प्रशासन शाखाबाट भइरहेको ।
- राजस्व प्रशासनमा कम्प्युटर तथा सफ्टवेयर जडान नभएको ।
- राजस्व संकलनमा नगदी रसिदको प्रयोग भइरहेको ।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको ।
- वडा कार्यालयहरूले वर्षभरि संकलन भएको रकम एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा बुझाउने गरेको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- आर्थिक ऐन र यथार्थ संकलनबीचको तालमेल कमजोर ।
- स्थानीय राजस्व परामर्श समिति गठन भएको भएता पनि प्रभाकारी र क्रियाशील हुन नसकेको ।
- राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नभएको ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

गाउँपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।

**क. संगठनात्मक संरचना निर्माण**

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न स्वीकृत संरचनाअनुसार गाउँपालिकामा राजस्व इकाइ स्थापना, आवश्यक दरबन्दी स्वीकृति तथा कर्मचारी पदस्थापना गर्नु आवश्यक देखिन्छ । यसका साथसाथै गाउँपालिकाको राजस्व अधिकारको आधारमा भौतिक सुविधा, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूवाट समेत तोकिएका शिर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

**ख. आर्थिक ऐनमा सुधार**

गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा पटके सवारी करको व्यवस्था गरिएको छ । संविधानको भावना तथा प्रचलित संघीय कानुनी व्यवस्थाअनुरुप यो कर लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ । गाउँपालिकाको जे.सी.बी., सभा हल तथा प्रोजेक्टरजस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्थाअनुसार एकीकृत सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन

आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ । आगामी आ.व. २०७७७८ का लागि आर्थिक ऐनको मस्यौदा **अनुसूची ७** मा संलग्न गरिएको छ ।

### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

### घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्वन्धि जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

### ङ. तथ्याङ्कमा आधारित अभिलेख

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### च. समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

### च. सामाजिक आर्थिक अवस्था

स्थानीय स्तरमा आजआर्जनका अवसरहरुको कमी रहेको छ । कृषि क्षेत्र जीवन निर्वाहमुखी छ । जनसंख्याको ठूलो हिस्साको कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ । यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञानको अभाव रहेको हुँदा नयाँ करहरु थपिनु समस्याका रुपमा रहने अवस्था छ ।

### छ. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ ।

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाको आयोजना र परामर्शदातृ निकायको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा गाउँपालिका अध्यक्षलगायत कार्यपालिका सदस्यहरू, गाउँपालिका तथा वडाका कर्मचारीहरू, सरोकारवालाहरु लगायतको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरू तीनवटा समूहमा बसी समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयार तथा प्रस्तुत गर्नु भएको थियो । परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना
ख. गैरकर राजस्व सुधार योजना
ग. राजस्व प्रशासन सुधार योजना

### तालिका नं. १४: राजस्व सुधार कार्ययोजना

**क. कर राजस्व सुधार योजना**

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमिकर/मालपोत** | | |
| १.१ | जग्गा मूल्यांकनको दर तोक्दा बजार क्षेत्र (पञ्चमी बजार, छितापोखरी ओखे, गुरुङ्ग डाँडा, यामवा वडा कार्यालय, टेम्मा वडा कार्यालय, याङसोलांटार, मितिमा भञ्ज्याङ्ग) आसपास जग्गामा प्रचलित मूल्यलाई ख्याल गरी स्थानीय सरकार संचालन ऐनको व्यवस्था अनुसार एकीकृत सम्पत्ति करको व्यवस्थालाई परिमार्जन गरी मालपोत लागू गर्ने निर्णय गर्ने | २०७७ असार मसान्तसम्म | राजस्व उपशाखा गाउँ सभा |
| १.२ | जग्गामा भूमिकरमा (मालपोत) हालको व्यवस्थालाई संशोधन गरी प्रगतीशील कर नीति अवलम्बन गर्ने । | २०७७ असार मसान्तसम्म | राजस्व परामर्श समिति र गाउँ सभा |
| १.३ | मालपोत कार्यालयहरुबाट जग्गाको नयाँ लगत निकाल्ने | २०७६ फागुन मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत, अध्यक्ष |
| १.४ | कर्मचारीको व्यवस्थापन गर्ने तथा घुम्ती सेवा संञ्चालन गर्ने | आवश्यकता अनुसार | प्रमुख प्रशासकीय अधिकृत |
| २ | **सम्पत्ति कर** | | |
| २.१ | आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्न सोअनुसार ऐन परिमार्जन गर्ने | २०७७ असार मसान्त | राजस्व परामर्श समिति गाउँसभा |
| २.५ | सम्पत्ती करबारे सबै वडामा जनचेतना कार्यक्रम संचालन गर्ने | २०७७ जेठदेखि निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालय, राजस्व परामर्श समिति |
| २.६ | सम्पत्ती कर लगायत अन्य करहरुको लागि | २०७७ जेठ मसान्त | राजस्व उपशाखा तथा |

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | सफ्टवेयर तथा सोसम्बन्धी तालिमको व्यवस्था गर्ने | | प्रमुख प्रशासकीय अधिकृत |
| २.७ | सम्पत्ति कर प्रशासनका लागि आवश्यक भौतिक सामग्रीहरुको व्यवस्था गरी सम्पूर्ण वडाबाट सम्पत्ति कर संकलन गर्ने | २०७७ श्रावण १ देखि | राजस्व उपशाखा तथा वडा कार्यालय, |
| ३ | **घर जग्गा वहाल कर** | | |
| ३.१ | बहालमा लगाएका घरधनीहरुलाई बहाल कर सम्बन्धमा जानकारी गराई करको दायरमा ल्याउने | आ.व २०७६/७७ | राजस्व उपशाखा र वडा कार्यालय |
| ४ | **व्यवसाय कर** | | |
| ४.१ | व्यवसायको पहिचान, अभिलेखीकरण र वर्गीकरण गर्ने | २०७७ जेठ मसान्त | राजस्व उपशाखा र वडा कार्यालय |
| ४.२ | व्यवसायको वर्गीकरणका आधारमा दर निर्धारण (प्रगतिशील) गरी आर्थिक ऐनमा समावेश गर्ने | आ.व २०७६/७७ | राजस्व परामर्श समिति तथा गाउँसभा |
| ४.४ | व्यवासाय दर्ता तथा कर संकलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गर्ने | २०७७ श्रावणदेखि | राजस्व उपशाखा तथा वडा कार्यालयहरु |
| ४.५ | व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था आर्थिक ऐनमा समावेश गर्ने । | आ.व २०७६/७७ | गाउँसभा |
| ५ | जडीबुटी, कवाडी र जीवजन्तु कर | | |
| ५.१ | जडीबुटी तथा कवाडी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने | २०७६ पौष मसान्त | सम्बन्धित वडा कार्यालय |
| ५.२ | जडीबुटी र कवाडी करको दर निर्धारण गरी सोअनुसार संकलन गर्ने | आ.व २०७७/७८ | राजस्व उपशाखा तथा वडा कार्यालयहरु |

## ख. गैरकर राजस्व सुधार योजना

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, स्लेट आदिको बिक्री | | |
| १.१ | साप्सु खोला, सुनकोशी नदी ताखा खोला, टुवा खोलाबाट उत्खनन् गर्ने नीतिगत निर्णय गर्ने | २०७६ माघ मसान्तभित्र | गाउँपालिका अध्यक्ष |
| १.२ | माथि उल्लेखित स्रोतहरुमा प्रारम्भिक वातावरणीय परीक्षण गराउने | २०७६ चैत्र मसान्त भित्र | कार्यपालिका र प्रविधिक शाखा |
| १.३ | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा बजारको उपलब्धताको अवस्था हेरी बिक्रीदर निर्धारण गरी आर्थिक ऐनमा समावेश गर्ने | २०७७ आगामी असार मसान्त | गाउँ सभा |
| १.४ | ठेक्का, अमानत वा के विधिबाट बिक्री गर्दा लागत लाभ बढी हुन्छ सोको अध्ययन गरी बिक्री विधि तय गर्ने | २०७७ भाद्र मसान्त सम्म | कार्यपालिका |
| १.५ | काम र बिक्रीको नियमित अनुगमन सुनिश्चित गर्ने | निरन्तर | कार्यपालिका |
| २ | **नक्सा पास दस्तुर** | | |
| २.१ | घर निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गर्नु पर्ने नीतिगत निर्णय गर्ने | २०७६ पौष मसान्त भित्र | कार्यपालिका |
| २.२ | गाउँपालिकाको सिमानाभित्र भएका घरहरुको अभिलेखीकरण गर्ने | २०७७ पौष सम्ममा | कार्यपालिका र प्राविधिक शाखा |
| २.३ | नक्सापास कार्यका लागि प्राविधिक शाखाको क्षमता विस्तार, नक्सापास विधि तथा प्रक्रिया यकिन, नक्सापास पुस्तक छपाई आदी कार्य गर्ने | २०७७ जेठ मसान्त सम्म | प्राविधिक शाखा<br>प्रमुख प्रशासकीय अधिकृत |

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| २.४ | नक्सापास तथा अभिलेखीकरण गर्नुपर्ने प्रावधान सहित सो को प्रक्रियाबारे आम जनतालाई सूचीत गर्ने | २०७७ जेठदेखि निरन्तर | प्राविधिक शाखा<br>वडा कार्यालयहरु |
| **३** | **बहाल विटौरी शुल्क** | | |
| ३.१ | गाउँपालिका क्षेत्रभित्र भएका सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचनाबारे तथ्यांक संकलन गर्ने | २०७७ वैशाख मसान्त | प्राविधिक तथा प्रशासन शाखा |
| ३.२ | सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचना र विद्यमान उपयोगको अवस्था हेरी शुल्क निर्धारण गर्ने | २०७७ असार मसान्त | राजस्व परामर्श समिति र गाउँसभा |
| ३.३ | गाउँपालिका क्षेत्रमा लाग्ने विभिन्न हाट बजारमा थापिने पसलहरुको पटके शुल्क निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने | २०७७ असार मसान्त | राजस्व परामर्श समिति र गाउँसभा |
| **४** | **दर्ता, नवीकरण तथा अनुमती दस्तुर** | | |
| ४.१ | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीयस्तरमा व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने (मन्त्रालयले तयार गरेको नमुना कार्यविधि को आधारमा) | २०७७ वैशाख मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>गाउँ कार्यपालिका |
| ४.२ | दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने । | २०७७ असार मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँ सभा |
| **५** | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | |
| ५.१ | गाउँपालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरुको पहिचान गर्ने<br>- मुख्य बजार केन्द्र र खानेपानी समस्या स्थलहरुमा स्थानीय खानेपानी<br>- अस्पताल निर्माण तथा सञ्चालन<br>- अतिथी गृह | २०७७ असार मसान्तसम्म | गाउँ कार्यपालिका, गाउँ सभा |
| ५.२ | पहिचान भएका क्षेत्रहरुको सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियाजन गर्ने । | | |

## ग. राजस्व प्रशासन सुधार योजना

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| १.१ | आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने<br>- हालको राजस्व अधिकारका सम्भाव्य तर ऐनमा छुटेका शिर्षकहरुको राजस्वका दर तथा संकलन व्यवस्था उल्लेख गर्ने (सम्पत्ति बहाल, ......)<br>- व्यवहारिक नदेखिएका, लागू नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने । जस्तै पटके सवारी कर<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कार को व्यवस्था पनि उल्लेख गर्ने । | २०७७ असार | राजस्व परामर्श समिति, गाउँ सभा |
| १.२ | राजस्व नीति सामर्थ्यमा आधारित तथा करदाता मैत्री बनाउने | २०७६ पौष मसान्त | कार्यपालिका |
| १.३ | आर्थिक प्रशासन शाखा अर्न्तगत राजस्व उपशाखालाई | २०७६ चैत्र मसान्त | कार्यपालिका |

| **क.स** | **सुधारका लागि गर्नु पर्ने कार्यहरु** | **समयावधि** | **जिम्मेवारी** |
|---|---|---|---|
| | स्रोत साधन सम्पन्न बनाउने | | |
| १.५ | व्यवसाय रजिष्ट्रेशन कार्यविधि तर्जुमा गर्ने | २०७६ चैत्र मसान्त | कार्यपालिका |
| **२** | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| २.१ | आर्थिक प्रशासन शाखा अर्न्तगत राजस्व उपशाखा स्थापना गर्ने | २०७६ चैत्र मसान्त | कार्यपालिका |
| २.२ | राजस्व उपशाखाका लागि कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने | २०७६ चैत्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत |
| २.३ | राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने | चैत्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत |
| **३** | **तथ्याङ्क तथा अभिलेख व्यवस्थापन** | | |
| ३.१ | विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षकमा आम्दानी बाँध्ने | २०७७ असार मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३.२ | सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङ प्रणाली सुरुवात गर्ने | २०७७ असार मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| **४** | **करदातामैत्री/करदाता लक्ष्यित कार्यक्रम** | | |
| ४.१ | विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने | २०७७ वैशाखदेखि | राजस्व परामर्श समिति र वडा कार्यालय |
| ४.२ | सबभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने | विशेष कार्यक्रमको दिन | |
| **५** | **पारदर्शिता र जवाफदेहिता** | | |
| ५.१ | चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गर्ने | चौमासिक | आर्थिक प्रशासन शाखा |
| ५.२ | राजस्व परामर्श समितिलाई सक्रिय गराउने (राजस्व परामर्श समितिको बैठक वसी राजस्व असुली अनुगमन सम्बन्धी छलफल गर्ने | त्रैमासिक | प्र.प्र.अ र रावस्व परामर्श समिति |
| **६** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| ६.१ | यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७६ माघदेखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| ६.२ | कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने | २०७६ माघ मसान्त तथा २०७७ असार मसान्त | कार्यपालिका<br>गाउँ सभा |

# परिच्छेद - छ : आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगमी तीन आर्थिक वर्षहरुका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयनपश्चात् आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७७।७८ देखि २०७९।८०) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ।

### तालिका नं. १५: आगामी तीन आव.का लागि राजस्व प्रक्षेपणका आधार

(रकम रु.000)

| क.सं. | राजस्व शीर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपण | |
|---|---|---|---|---|
| | | | प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
| क | आन्तरिक आयतर्फ | | | |
| १ | सम्पत्ति कर | ३६८ | कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ३१३ |
| २ | भूमि कर (मालपोत) | १२०० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ९६० |
| ३ | घर बहाल कर | २४ | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने | २२ |
| ४ | बहाल विटौरी शुल्क | २६० | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १३० |
| ५ | विज्ञापन कर | ० | अनुमान नगरिएको | |
| ६ | अन्य मनोरंजन कर | ० | अनुमान नगरिएको | |
| ७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ९० |
| ८ | व्यवसाय कर | २८२ | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २२६ |
| ९ | जडीबुटी तथा कवाडी | ५० | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ३५ |
| १० | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | १५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १५० |
| ११ | अन्य बिक्रिबाट प्राप्त रकम *स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री* | १,००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ९०० |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | ५० | एकमुष्ठ ५० हजार अनुमान र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ५० |
| १६ | नक्सापास दस्तुर | १७५ | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १७५ |
| १७ | सिफारिश दस्तुर | ६०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ६०० |
| १८ | व्यक्तिगत घटना दर्ता दस्तुर | १४० | एकमुष्ठ एक लाख ४० हजार र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १४० |

| क.सं. | राजस्व शीर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपण | |
|---|---|---|---|---|
| | | | प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
| १९ | नाता प्रमाणित दस्तुर | १०० | एकमुष्ठ एक लाख र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १०० |
| २० | अन्य दस्तुर | ३० | एकमुष्ठ ३० हजार अनुमान र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ३० |
| २१ | न्यायिक दण्ड, जरिवाना र जफत | १५ | एकमुष्ठ १५ हजार र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १५ |
| २२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १०० | एकमुष्ठ १ लाख र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १०० |
| २४ | अन्य राजस्व | २५० | एकमुष्ठ २ लाख ५० हजार र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १३५ |
| २५ | बेरुजु | ५० | वार्षिक ५० हजार | ५० |
| **ख** | **राजस्व तथा रोयल्टी बाँडफाँड** | | | |
| १ | संघीय सरकार | | चालु आ.व.मा गरिएको अनुमानमा १० प्रतिशतले बढ्दै जाने अनुमान | ७८८९० |
| २ | प्रदेश सरकार (सवारी कर) | | चालु आ.व.मा गरिएको अनुमानमा १० प्रतिशतले बढ्दै जाने अनुमान | ५०८० |
| ३ | प्रदेश सरकार (रजिष्ट्रेशन) | | एकमुष्ठ ७५ लाख र त्यसपछीका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ३१९ |
| **ग** | **अनुदानतर्फ** | | | |
| १ | समानीकरण अनुदान | | चालु आ.व.मा गरिएको अनुमानमा १० प्रतिशतले बढ्दै जाने अनुमान | १०६९१७ |
| २ | सशर्त अनुदान | | चालु आ.व.मा गरिएको अनुमानमा १० प्रतिशतले बढ्दै जाने अनुमान | १८७८०० |
| ३ | विशेष अनुदान | | संघीय तथा प्रदेशबाट एकमुष्ठ १ करोड प्राप्त हुने अनुमान र त्यसपछी १० प्रतिशतले बढ्ने | ५००० |
| ४ | समपुरक अनुदान | | संघीय तथा प्रदेशबाट एकमुष्ठ २ करोड प्राप्त हुने अनुमान र त्यसपछी १० प्रतिशतले बढ्ने | १०००० |
| ५ | अन्य अनुदान (निर्वाचन क्षेत्र विकास कोष, सामाजिक सुरक्षा र अन्य) | | चालु आ.व.को अनुदानमा वार्षिक १० प्रतिशतका दरले थपिँदै जाने | ७३८८० |
| **घ** | **जन सहभागिता तर्फ** | | एकमुष्ठ १० लाख र त्यसपछीका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १० |

## ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ ।

### तालिका नं. १६: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

रु.हजारमा

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| **१००००** | **राजस्व तथा अनुदान** | **३७२,३११** | **४१४,९८१** | **४७५,०४५** | **५२२,६८४** | **५७५,१०८** |
| **११०००** | **कर** | **६४,८०८** | **७५,२७०** | **८४,२५७** | **९२,७५७** | **१०२,११८** |
| **१११००** | **आय, मुनाफा तथा पुंजिगत आयमा लाग्ने कर** | - | - | - | - | - |
| **१११३०** | **लगानीको आय तथा अन्य आयमा** | - | - | - | - | - |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| | **लाग्ने कर** | | | | | |
| ११६३१ | सम्पत्ति बहाल तथा पट्टा को आयमा लाग्ने कर | - | - | - | - | - |
| **११३००** | **सम्पत्ती कर** | **३४४** | **२९०** | **१,७४४** | **१,९९१** | **२,२७३** |
| **११३१०** | **अचल सम्पत्तीमा लाग्ने कर** | **३४४** | **२९०** | **१,५९२** | **१,८१५** | **२,०६९** |
| ११३१३ | एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | - | - | ३१३ | ३६० | ४१४ |
| ११३१४ | भूमि कर/मालपोत | ११२ | - | ९६० | १,१०४ | १,२७० |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २३२ | २९० | ३१९ | ३५१ | ३८६ |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | - | - | **१५२** | **१७६** | **२०४** |
| ११३२१ | घर बहाल कर | - | - | २२ | २६ | ३२ |
| ११३२२ | बहाल विटौरी कर | - | - | १३० | १५० | १७२ |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | **६४,४६४** | **७४,९८०** | **८२,४७८** | **९०,७२६** | **९९,७९८** |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | **३८,८१४** | **४५,४३५** | **४९,९७९** | **५४,९७६** | **६०,४७४** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर *( संघ सरकार राजस्व बाँडफाँड)* | ३८,८१४ | ४५,४३५ | ४९,९७९ | ५४,९७६ | ६०,४७४ |
| **११४२०** | **अन्तःशुल्क** | **२०,९००** | **२४,४६५** | **२६,९१२** | **२९,६०३** | **३२,५६३** |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क *( संघ सरकार राजस्व बाँडफाँड)* | २०,९०० | २४,४६५ | २६,९१२ | २९,६०३ | ३२,५६३ |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **४,७५०** | **५,०८०** | **५,५८८** | **६,१४७** | **६,७६१** |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | - | - | - | - | - |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | - | - | - | - | - |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ४,७५० | ५,०८० | ५,५८८ | ६,१४७ | ६,७६१ |
| **११४७०** | **मनोरंजन तथा विज्ञापन कर** | - | - | - | - | - |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | - | - | - | - | - |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | - | - | - | - | - |
| ११४७९ | अन्य मनोरंजन कर | - | - | - | - | - |
| **११६००** | **अन्य कर** | - | - | **३५** | **४०** | **४६** |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने** | - | - | **३५** | **४०** | **४६** |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने (जडीबुटी कवाडी) | - | - | ३५ | ४० | ४६ |
| **११६२०** | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | - | - | - | - | - |
| ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | - | - | - | - | - |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | - | - | - | - | - |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | - | - | - | - | - |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | - | - | | | |
| **११६९०** | **अन्य कर** | - | - | - | - | - |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| ११६९१ | अन्य कर | - | - | - | - | - |
| **१३०००** | **अनुदान** | **३०७,१७९** | **३३८,६६१** | **३८८,०२७** | **४२६,८३०** | **४६९,५१३** |
| **१३१००** | **ड्डिपक्षीय वैदेशिक अनुदान** | - | - | - | - | - |
| **१३११०** | **ड्डिपक्षीय वैदेशिक चालू अनुदान** | - | - | - | - | - |
| १३१११ | द्धिपक्षीय वैदेशिक चालू अनुदान | - | - | - | - | - |
| **१३१२०** | **द्धिपक्षीय वैदेशिक पुंजीगत अनुदान** | - | - | - | - | - |
| १३१२१ | द्धिपक्षीय वैदेशिक पुंजीगत अनुदान | - | - | - | - | - |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | - | - | - | - | - |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | - | - | - | - | - |
| १३२११ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त चालु अनुदान | - | - | - | - | - |
| १३२१२ | अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाबाट प्राप्त चालु अनुदान | - | - | - | - | - |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | - | - | - | - | - |
| १३२२१ | अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान | - | - | - | - | - |
| १३२२२ | अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाबाट प्राप्त पूँजीगत अनुदान | - | - | - | - | - |
